# बूढानीलकण्ठ नगरपालिकाको उद्यमशीलता विकास सम्बन्धी कार्यविधि तथा मापदण्ड-२०७७

बूढानीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय हात्तीगौडा, काठमाण्डौं बागमती प्रदेश, नेपाल

**प्रस्तावना :**

नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने उद्यमशील यूवा/महिला तथा फरक क्षमता भएका व्यक्तिहरुलाई सीप विकास, क्षमता अभिबृद्धि गरी आर्थिक क्षेत्र, उद्यम एवं व्यापार व्यवसायसँग सम्बन्धित कार्यक्रम मार्फत उत्पादन तथा रोजगारी सृजना गर्न तथा टेवा पूँजी उपलब्ध गराउन र यस्तो कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न बान्छनीय भएकाले, बूढानीलकण्ठ नगर कार्यपालिकाले प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा ४ प्रयोग गरी यो **बूढानीलकण्ठ नगरपालिकाको उद्यमशीलता विकास सम्बन्धी कार्यविधि** तथा **मापदण्ड -२०७७** बनाई लागु गरेको छ ।

## भाग-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम : "**बूढानीलकण्ठ नगरपालिकाको उद्यमशीलता विकास सम्बन्धी कार्यविधि- तथा मापदण्ड-२०७७** "रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. "कार्यविधि" भन्नाले "**बूढानीलकण्ठ नगरपालिकाको उद्यमशीलता विकास सम्बन्धी कार्यविधि तथा मापदण्ड-२०७७**" भन्ने बुझ्नु पर्दछ ।

ख. " लक्षित वर्ग" भन्नाले उद्यम गर्न चाहने व्यक्ति वा समूह भन्ने बुझ्नु पर्दछ ।

ग. "परियोजना जमानी" भन्नाले यस कार्यविधि बमोजिम ऋण प्रवाह गर्दा जुन परियोजनामा लगानी गरिएको हो सोही परियोजनाको जमानी हो भन्ने बुझ्नु पर्दछ ।

घ. "कार्यक्रम" भन्नाले बूढानीलकण्ठ नगरपालिकाको उद्यमशीलता विकास कार्यक्रम/परियोजना बुझ्नु पर्दछ ।

ङ. "सामुहिक जमानी" भन्नाले समूहको सामुहिक उत्तरदायित्वमा प्रवाह गरेको अनुदानको उपयोग लागि समूहका सबै सदस्यले दिने संयुक्त जमानी भन्ने बुझ्नु पर्दछ ।

च. "फोकल पर्सन" भन्नाले कार्यक्रम संचालनका लागि तोकिएको अधिकृत भन्ने बुझ्नु पर्दछ ।

छ. "समुह" भन्नाले ५ वा ५ भन्दा बढी व्यक्तिहरुको समुह बुझिनेछ ।

ज. "कोष" भन्नाले उद्यमशीलता प्रवर्द्धन, विकास र विस्तार गर्न बूढानीलकण्ठ नगरपालिकाद्धारा स्थापना गरिएको उद्यमशीलता विकास कोष बुझ्नु पर्दछ ।

झ. "वित्तिय टेवा" भन्नाले कार्यक्रम संचालनको लागि उद्यमीलाई नगरपालिकाबाट प्राप्त हुने वित्तिय सहयोग बुझ्नु पर्दछ ।

ञ. "उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय संचालनका लागि जोखिम बहन गरी लगानी गर्ने व्यक्ति वा समूह बुझ्नु पर्दछ ।

ट. "उद्यमशीलता विकास तालिम" भन्नाले व्यवसाय स्थापना तथा संचालनका लागि आवश्यक उत्प्रेरणा (Motivation) तथा व्यवसायिक सीप विकास तथा सो सँग सम्वन्धित उच्च स्तरको ज्ञान प्रदान गर्ने तालिम बुझ्नु पर्दछ ।

ठ. "लघु उद्यम" भन्नाले घर जग्गा बाहेक बढीमा २० लाख रुपैयासम्म स्थीर पूँजी लगानी हुने, बार्षिक एक करोड रुपैयाभन्दा कम कारोवार व्यवस्थापनमा संलग्न रहेको र इन्जिन उपकरण प्रयोग हुने भएमा त्यस्ले इन्जिन उपकरणको विद्युत मोटर वा अन्य तेल इन्जिन शक्ति २० किलोवाट भन्दा कम रहने व्यवसाय बुझ्नु पर्दछ ।

ड. "स्तरोन्नति" भन्नाले उत्पादन, गुणस्तर, प्याकेजिङ्ग,वितरण, व्यापार, पूजी, मुनाफा जस्ता पक्षमा उद्यममा देखिने सकारात्मक परिवर्तन बुझ्नु पर्दछ ।

ढ. "नगरपालिका" भन्नाले बूढानीलकण्ठ नगरपालिका बुझ्नु पर्दछ ।

ण. "नगरकार्यपालिका" भन्नाले बूढानीलकण्ठ नगर कार्यपालिका भन्ने बुझ्नु पर्दछ ।

त. "समिति" भन्नाले निर्देशक समिति बुझ्नु पर्दछ ।

थ. "विषयगत समिति" भन्नाले निर्देशक समितिको कार्यादेश मा काम गर्ने क्षेत्रगत/विषयगत समिति बुझ्नु पर्दछ ।

द. "स्थानीयबासी" भन्नाले यस नगरपालिका भित्र बसोबास गर्ने र मतदाता परिचय पत्र भएको बुझ्नु पर्दछ ।

ध. "Challenge fund/ Start up Fund" भन्नाले कुनै नयाँ प्रकारका उद्यमलाई प्रोत्साहित गर्न दिईने Fund बुझ्नु पर्दछ ।

**३. लक्ष्य** : व्यवसायिक ज्ञान, शिप विकास र क्षमता अभिबृद्धिका माध्यमबाट उद्यमशीलताको विकास एवं रोजगारी सृजना गरी समृद्ध बूढानीलकण्ठ नगर मूर्त रुप प्रदान गर्ने यस कार्यक्रमको लक्ष्य हुनेछ ।

**४. उद्देश्य** : यस कार्यक्रमका उद्देश्य देहाय बमोजिम हुनेछन् ।

(क) तरकारी/फलफूल, पशुपंक्षी, मत्स्य क्षेत्रको आयात प्रतिस्थापन हुने गरी उत्पादन तथा उत्पादकत्व बृद्धि गरी आकर्षण बढाउने

(ख) वन तथा वातावरण, फौहरमैला व्यवस्थापन र पर्यटन क्षेत्रको प्रवर्द्धन गरी रोजगारी सृजना गर्ने

(ग) यूवा, महिला तथा लक्षित समूह उद्यमशील हुन प्रेरित गर्ने

(घ) रोजगारीमूलक रुग्ण लघु उद्योगलाई पुनरोत्थान गर्ने बल प्रदान गर्ने

बूढानीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय हात्तीगौडा, काठमाडौं बागमती प्रदेश, नेपाल

(ङ) उद्यमशिल बन्न चाहाने व्यक्ति वा समुहलाई आवश्यक तालिम, पुजी वा बस्तुगत टेवा प्रदान गर्ने ।

(च) बस्तु वा सेवा उत्पादन, वितरण प्रर्वधन जस्ता आर्थिक गतिविधी बढाई आर्थिक आय र रोजगारी बृद्धी हुने कार्य गर्ने ।

## भाग -२

## संस्थागत व्यवस्था

५. **कार्यक्रम निर्देशक समिति :** (१) यो कार्यक्रम संचालन गर्नका लागि देहाय बमोजिमको ९ सदस्यीय कार्यक्रम निर्देशक समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय अनुसारका व्यक्तिहरु देहाय बमोजिम हुनेछन् ।

(क) संयोजक : नगर प्रमुख

(ख) सदस्य : उप-प्रमुख

(ग) सदस्य : प्रमुख प्रशासकीय अधिकृत

(घ) सदस्य : आर्थिक विकास समितिको संयोजक

(ङ) सदस्य : नगर कार्यपालिकामा प्रतिनिधित्व रहेको दलको प्रतिनिधित्वको आधारमा कार्यपालिका सदस्यबाट २ जना

(च) सदस्य : समितिले तोकेको वित्तिय संस्थाका प्रतिनिधि - १ जना

(छ) सदस्य : योजना, अनुगमन तथा मूल्यांकन महाशाखाको प्रतिनिधि

(ज) सदस्य : आर्थिक सामाजिक क्षेत्रमा काम गरेको समितिले तोकेको विज्ञ व्यक्ति - १ जना

(झ) सदस्य सचिव : नगरपालिकामा रहेका रोजगार कार्यक्रमको संयोजक

(३) उपदफा २ को ङ, च, ज अनुसारका सदस्यहरु नतोकिदा सम्म समितिका अरु सदस्यहरुको बैठकबाट निर्णय हुन कुनै बाधा पर्ने छैन ।

(४) समितिले आफ्नो कार्यविधि आफै बनाउन सक्नेछ ।

६. **काम कर्तव्य र अधिकार :**(१) निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कोषको अधिकतम र प्रभावकारी उपयोग गर्नका लागि सम्बद्ध निकायहरु वित्तिय संस्था, उद्यमी, गैर सरकारी संस्था सम्भाव्य उद्यमी बीच आवश्यक समन्वय, संचालन र व्यवस्थापन गर्ने



बुढानीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय हात्तीगौडा, काठमाण्डौ बागमती प्रदेश, नेपाल

(ख) उद्यम स्थापना, विकास, बिस्तार तथा प्रवर्द्धन गर्नु तर्फ आकर्षित गर्न आवश्यकता अनुसार प्रचार प्रसार गर्न

(ग) कोषबाट उपलब्ध गराइने रकमको सीमा बढाउने वा घटाउने

(घ) कोषबाट संचालन हुने कार्यक्रम र वजेटको सिमा र संख्या तोक्ने

(ङ) कोषवाट संचालन हुने कार्यक्रमको लागि प्रशासनिक खर्च तोक्ने

(च) वित्तिय टेवा रकमको सीमा तोक्ने ।

(छ) विषयगत समिति गठन गरी सो विषयका क्षेत्रगत उद्यमको लागि आवश्यक नीति वनाउन लगाउने

(ज) नगरपालिकाको कार्यक्रममा सहभागी भएका उद्यमी वा उद्यमीहरुको समुहको उद्यमको निरीक्षण गरी आवश्यकता अनुसार उद्यमीहरुलाई सल्लाह दिने

(२) निर्देशक समितिले विषयगत समितिवाट निर्णय भए बमोजिम हुनेगरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

७. **विषयगत समिति** : (१) निर्देशक समितिले आफ्नो कार्य सम्पादन गर्नको लागि विषयगत (क्षेत्रगत) समिति गठन गर्न सक्नेछ । विषयगत समितिले निर्देशक समिति समक्ष राय वा प्रतिवेदन दिनुपर्ने छ ।

(२) निर्देशक समितिको सदस्यको संयोजकत्वमा बढीमा ५ सदस्यीय विषयगत समिति रहनेछ । विषयगत विज्ञ १ जना र सम्वन्धित शाखाको कर्मचारी अनिवार्य हुनु पर्नेछ ।

८. **मूल्याङ्कन समितिः** (१) नगरपालिकाको कार्यालयमा प्राप्त हुन आएका प्रस्तावहरुको मूल्याँकन गरी कार्यपालिकामा सिफारिस गर्न तपसिल वमोजिमको एक समिति रहनेछ ।

(क) उप प्रमुख - संयोजक

(ख) शहरी विकास तथा पूर्वाधार महाशाखाको प्रमुख - सदस्य

(ग) आर्थिक प्रशासन शाखाको प्रतिनिधी - सदस्य

(घ) प्रशासन महाशाखा प्रमुख - सदस्य

(ङ) विषयगत महाशाखां/शाखा- सदस्य

(च) योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा प्रमुख - सदस्य

(छ) रोजगार कार्यक्रमका संयोजक - सदस्य सचिव

(२) मूल्याङ्कन समितिले तोकिएको आधारमा प्रस्ताव मुल्याङ्कन गरी सिफारिस गरेका प्रस्ताव प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकामा निर्णयार्थ पेश गर्नु पर्नेछ ।

बुढानीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय काठमाडौं, नेपाल

## भाग-३

## कार्यक्रम संचालन विधी

**९. यस कार्यक्रम अन्तरगत तपशिल बमोजिमको विधीमा कार्यक्रम संचालन गर्नेछ ।**

(क) नगरपालिकाले वित्तिय टेवा प्रदान गरेर गरिने कार्यक्रमहरु : यस प्रकारको विधिमा नगरपालिकाले वितिय टेवा प्रदान गर्नेछ ।

(ख) वित्तिय संस्थाहरुको मध्यस्थता रहेर गरिने कार्यक्रमहरु : यस प्रकारको विधिमा वित्तिय संस्थाहरुबाट ऋण लगानी भएका वा हुने व्यवसायहरुमा नगरपालिकाबाट गरिने वित्तिय टेवा वा उद्यम संरक्षणको लागि प्रदान गरिने व्याजको भुक्तानी वा बिमा रकम भुक्तानी जस्तो कार्यक्रमहरु प्रदान गरिने कार्यक्रमहरु पर्नेछन । यस प्रकारको कार्यक्रममा उद्यमी, बैंक र नगरपालिका बीच त्रिपक्षिय सम्झौता गरी सम्झौतामा उल्लेखित शर्त अनुसार कार्यक्रम संचालन गरिनेछ ।

(ग) गैर सरकारी संस्थाहरु संगको साझेदारीमा गरिने कार्यक्रमहरु : यस प्रकारको विधिमा गैर सरकारी संस्थाहरुसँग नगरपालिकाले सम्झौता गरी व्यवसायका कुनै चरणमा नगरपालिकाले लगानी गरी संचालन गरिने लक्षित बर्गका कार्यक्रमहरु पर्नेछन् ।

(घ) विभिन्न व्यापारिक प्रतिष्ठान र लब्ध प्रतिष्ठित व्यक्तिहरुले प्रायोजन गरेर गरिने कार्यक्रम ।

## भाग-४

## कार्यक्रमका चरणहरु

**१०. नगरपालिकाबाट उद्यमशिलता सम्बन्धी कार्यक्रमका चरणहरु निम्नानुसार हुनेछन् ।**

(क) तालिम : तालिम उद्देश्यमुलक हुनुपर्नेछ । नगरपालिकाको खर्चमा तालिम संचालन हुँदा तालिम पश्चात उद्यमको संचालनका अरु व्यवस्थाहरु पनि हेरिनेछ ।

(ख) उद्यमको सुरुवात वा स्तरोन्नती : यस प्रकारको चरणमा उद्यमको सुरुवात वा स्तरोन्नतीको लागि वित्तिय टेवा प्रदान गरिनेछ । यस प्रकारको कार्यक्रम वित्तिय संस्थाको मध्यस्ता रहेमा पनि गर्न सकिनेछ ।

(ग) उद्यमको विकास वा संरक्षण : यस प्रकारको चरणमा उद्यमको लागि बैंक व्याज वा बीमाको रकम वा दुबै नगरपालिकाबाट ब्यहोर्न सक्नेछ । तर यस प्रकारको लागत व्यहोर्नको लागि उद्यमशिल व्यक्ति/समुह वित्तिय संस्था र नगरपालिका बीच समझदारीपत्रमा हस्ताक्षर हुन जरुरी हुनेछ ।

(घ) उद्यमको बजारीकरण:-उद्यमका उत्पादन (बस्तु वा सेवा) हरुको ग्राहकसम्म पुऱ्याउन गरिने प्रक्रिया, कार्य वा सेवाहरुमा गरिने लगानी सम्बन्धी कार्यहरु उद्यमको बजारीकरण हुनेछ ।

बुढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौडा, काठमाण्डौ
बागमती प्रदेश, नेपाल

## भाग-५

## कार्यक्रमको प्रक्रिया

११. **उत्प्रेरित कक्षा संचालन गर्ने :** उद्यम गर्न इच्छुक व्यक्तिलाई लक्षित गरी एक सार्वजनिक सूचना प्रकाशन गरी उद्यमशिलता विकासमा उत्प्रेरित गर्ने सम्बन्धी तालिम, प्रशिक्षण कार्यक्रम राखिने छ । यस प्रकारको कार्यक्रममा उद्यमशिलताको विभिन्न क्षेत्रमा उत्प्रेरणामुलक प्रशिक्षण दिन सक्ने प्रशिक्षक बोलाउन सकिने छ ।

१२. नगरपालिकाबाट लगानी गर्ने उद्यमशिलता विकासको लागि सार्वजनिक सूचना जारी गरी कस्ता कस्ता कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ भनी कार्यक्रमको सोचपत्र आव्हान गर्न सकिनेछ । यसरी प्राप्त हुन आएका कार्यक्रम उपयुक्त देखिएमा कार्यपालिकाले कार्यक्रममा समावेश गर्न सक्नेछ ।

१३. नगरपालिकाबाट संचालन हुने उद्यमशिलता, योजना तथा कार्यक्रमहरुमा लगानी गर्न चाहने व्यक्तिहरुलाई लक्षित गरी लगानीकर्ता भेला आयोजना गर्न सकिनेछ ।

१४. विभिन्न लक्षित वर्गमा काम गर्ने गैंरसरकारी संस्थाहरुले लक्षित वर्गको समुह गठन गरी नगरपालिकासँग साझेदारी गर्न चाहेमा नगरपालिकासँगको सम्झौता बमोजिम कार्यक्रम संचालन गर्न सकिनेछ । तर यसको लागि अनिवार्य रुपमा सार्वजनिक सूचना आह्वान गरिनेछ ।

१५. नगरपालिकाबाट संचालन हुने कार्यक्रमको निर्धारण पश्चात तालिम, उद्यमको लागि शुरु पूँजी, स्तरोन्नतीको लागि पूँजी, उद्यमको संरक्षण, उद्यमको बजारीकरण मध्ये कुन क्षेत्रमा नगरपालिकाले कार्यक्रम संचालन गर्ने हो सो खुलाई कम्तिमा १५ दिनको सूचना प्रकाशित गरी प्रस्ताव आव्हान गरिनेछ ! सूचनाको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

१६. सार्वजनिक सुचनाबाट प्राप्त प्रस्तावहरुलाई निर्धारित मापदण्डहरु अनुसार मुल्याङ्कन समितिले मुल्याङ्कन गर्नेछ ।

१७. मुल्यांङ्कन समितिले सिफारिस गरेका प्रस्ताव बजेट सीमा भीत्र रहेर नगर कार्यपालिकाले स्वीकृत गर्नेछ ।

१८. नगर कार्यपालिकाबाट स्वीकृत भएका प्रस्तावहरु सम्झौता पछि कार्यान्वयनमा जानेछन् ।

## भाग -६

## कार्यक्रमहरु

१९. **कार्यक्रमका क्षेत्र :** (१) नगरपालिकाले उपलब्ध गराउने वित्तिय टेवा वा ब्याज अनुदानमा लगानीका लागि योग्य क्षेत्रहरु देहाय बमोजिम हुनेछन् ।

(क) कृषि व्यवसायका क्षेत्रहरु अनुसूची २ (क) मा उल्लेख भए बमोजिम हुनेछ ।

(ख) उद्योग व्यवसायका क्षेत्र अनुसूची २ (ख) मा उल्लेख भए बमोजिम हुनेछ ।

(ग) पर्यटन प्रवर्द्धनका क्षेत्र अनुसूची २ (ग) मा उल्लेख भए बमोजिम हुनेछ ।

(घ) व्यापार व्यवसायका क्षेत्र अनुसूची २ (घ) मा उल्लेख भए बमोजिम हुनेछ ।

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय ... बागमती प्रदेश, नेपाल

(ङ) वन तथा वातावरण र फोहरमैला व्यवस्थापन क्षेत्र अनुसूची २ (ङ) मा उल्लेख भए बमोजिम हुनेछ ।

च) महिला असहाय, विपन्न, पिछडिएका तथा अन्य लक्षित वर्ग विकासको क्षेत्र अनुसूची (२च) बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुसूची प्रत्येक आ.व.मा समितिले फेरबदल गर्न सक्नेछ ।

२०. **कोषको स्थापना :** (१) उद्यमशीलता विकासको लागि ब्याज तथा वित्तिय टेवा उपलब्ध गराउन एक छुट्टै उद्यम विकास कोषको स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमको रकमहरु रहनेछन् ।

(क) नेपाल सरकार संघबाट प्राप्त रकम

(ख) नेपाल सरकार प्रदेशबाट प्राप्त रकम

(ग) नगरपालिकाबाट विनियोजित रकम

(घ) कुनै स्वदेशी व्यक्ति, सरकारी वा गैह्र सरकारी संस्थाबाट प्राप्त हुने रकम

(ङ) संघीय सरकारको स्वीकृत लिई कुनै विदेशी सरकार वा संस्था अन्तराष्ट्रिय संस्था वा निकाय वा व्यक्तिबाट अनुदान, चन्दा, सहयोग स्वरुप प्राप्त रकम

(३) यस दफा अनुसार कोष स्थापना नहुन्जेल नगरपालिकाको नियमित कार्यक्रमबाट खर्च लेख्न सकिनेछ ।

(४) नगरपालिकाको विभिन्न लक्षित वर्ग/कार्यक्रमबाट लक्षित वर्गका व्यक्ति तथा समुहलाई उद्यमशिलता कार्यक्रममा नगर कार्यपालिकाको निर्णय अनुसार खर्च लेख्न सकिनेछ ।

२१. **कोष सम्बन्धी अन्य व्यवस्था :** (१) कोषको रकम नगर कार्यपालिकाको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त बैंकमा खाता खोली जम्मा गरिने छ ।

(२) कोषको रकम स्वीकृत उद्यमीलाई बैंक मार्फत लगानी गरिनेछ ।

(३) कोषको रकमबाट उद्यम संचालन बस्तुगत टेवा, ब्याज अनुदान, वीउ पूँजि अनुदान तथा बीमा वापतको रकम समितिको सिफारिसमा उपलब्ध गराइनेछ ।

(४) कोषको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखाले गर्नेछ ।

(५) कोषको अन्तिम लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(६) कोषको खाताको संचालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन महाशाखा प्रमुखबाट हुनेछ ।

बुढानीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय काठमाडौं ... प्रदेश, नेपाल

## भाग-७

## प्रस्ताव आव्हान, प्रस्ताव पेश गर्ने विधि र सम्झौता

२२. नगरपालिका भित्र बसोबास गर्ने ब्यक्ति वा समुहले नगरपालिकाको सहयोग लिई उद्यम वा व्यवसाय संचालन गर्न चाहने उद्यमी वा उद्यमीहरुको समुहलाई राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने सूचना प्रकाशन गरि प्रस्तावको आव्हान गर्नेछ । यस कार्यविधिमा स्पष्ट हुन नसकेका विषय सूचनामा स्पष्ट गरी सूचना प्रकाशन गर्न सकिनेछ ।

२३. **प्रस्ताव पेश गर्ने** : (१) बित्तिय टेवा लिन चाहने उद्यमी, व्यक्तिले परियोजना, प्रस्ताव आब्हान भएको मिति भित्र अनुसूची ३ बमोजिमको ढाँचामा देहाय बमोजिमका कागजातहरु संलग्न राखी समितिको कार्यालयमा आवेदन दिनु पर्नेछ ।

(क) आफुले गर्न चाहेको व्यवसाय वा उद्यमको विवरण,

(ख) प्रस्तावित उद्योग व्यवसाय वा उद्यमको योजना (स्कीभ)

(ग) अनुदान माग गरेको रकम

(घ) नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

(ङ) समूहको भए समूह गठनको उपस्थिति, सहभागी संख्या, उद्यमको किसिम, सो का लागि आवश्यक रकम, बित्तिय टेवा सम्बन्धी उल्लेखित निर्णयको माइन्यूटको प्रतिलिपि र प्रतिवद्धता पत्र

(च) जुन उद्योग व्यवसाय वा उद्यममा कर्जा लगानी गर्न चाहेको हो सो को प्रचलित कानुन बमोजिम दर्ता भएको प्रमाणपत्र, नविकरण भएको प्रमाणपत्र र पान, वडा कार्यालयमा दर्ता भएको प्रमाणपत्र, कर्जा सूचना केन्द्रको कालो सूचीमा नपरेको स्व: घोषणा, सम्बन्धित वडाको सिफारिस पत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

(छ) ५ वर्ष सम्म तोकिएको उद्देश्य अनुसारको प्रतिवद्धता पत्र, उद्योग व्यवसाय वा कृषि क्षेत्रको लागि जग्गा धनी प्रमाण पूर्जा वा लिजमा लिएको खुल्ने कागजको सक्कल प्रति वा अन्य यस्तै कागजात ।

(ज) वित्तिय संस्थाबाट ऋण प्राप्त गर्ने उद्यमी/व्यवसायीहरुले वित्तिय संस्थाको सहमति पत्र पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पछि सम्बन्धित कार्यालयले प्राप्त निवेदन रीत पूर्वक भए नभएको हेरी रीत नपुगेको भएमा रीत पुऱ्याई ल्याउन सम्बन्धित निवेदकलाई जानकारी गराइने छ ।

२४. **परियोजना कार्यान्वयन सम्बन्धी सम्झौता** : नगर कार्यपालिकाबाट स्वीकृत परियोजनाहरुको कार्यान्वयनका लागि प्रस्ताव पेश गर्ने व्यक्ति/समुह/संस्थासँग नगरपालिकाले आवश्यक कवुलियतनामा, सामुहिक जमानी तथा परियोजना जमानी सहित सम्झौता गर्नु पर्नेछ ।

२५. **कार्यक्रम संचालनको जानकारी :** परियोजना प्रस्ताव स्वीकृत भई सम्झौता भएको १५ दिन भित्र सम्बन्धित व्यक्ति/समुह/संस्थाहरुले तोकिए बमोजिम कार्यक्रम संचालन गर्नु पर्नेछ । यसको जानकारी नगरपालिकाको कार्यालयमा दिनुपर्नेछ । सम्झौतामा उल्लिखित अवधि भित्र कार्य सम्पन्न गरी पेश्की फर्छ्यौट सहित अन्तिम किस्ताको भुक्तानी माग गर्नु पर्नेछ । यसरी प्राप्त भएको रकम समेतको परियोजना संचालन गर्ने संस्थाहरुको कार्यक्रमको अनुगमन, नियमन, नियन्त्रण तथा निर्देशन र खर्च भएका रकमहरुको औचित्य सहित लेखापरीक्षण गराउने दायित्व सम्बन्धित संस्थाको हुनेछ ।

२६. नयाँ उद्यमीले प्रस्ताव लेखनको लागि नगरपालिका समक्ष वित्तिय तथा प्राविधिक सहायता माग गरेमा आवश्यकता अनुसार परामर्श सहजीकरण सहयोग उपलब्ध गराउन सक्नेछ ।

## भाग-८

## खर्चको मापदण्ड, प्रकृया, प्रस्ताव मूल्याङ्कनका आधार र भार

**२७. खर्चको मापदण्ड:**

क) उत्प्रेरणा कक्षा संचालनको अधिकतम खर्च रु दुई लाखसम्म गरिनेछ ।

ख) तालिम कार्यक्रममा अधिकतम २० लाखसम्म खर्च गर्न सकिनेछ ।

ग) व्यक्तिगत उद्यम/व्यवसायीलाई अधिकतम रु ५ लाखसम्म वित्तिय टेवा प्रदान गरिनेछ ।

(घ) कृषि वा पशुपालन सम्बन्धी उद्यमीलाई अधिकतम रु. ५ लाखसम्म वित्तिय टेवा प्रदान गरिनेछ ।

(ङ) २० लाख वा सो भदा माथिका उद्यम, व्यवसायमा अधिकतम १० लाख सम्म वित्तिय टेवा प्रदान गरिनेछ । महिला उद्यमशिलताको हकमा नगर कार्यपालिकाले आवश्यक ठानेमा १५ लाख सम्म बित्तिय टेवा दिन सक्नेछ ।

(च) उद्यम संरक्षणको क्षेत्रमा व्यवसाय संचालनको लागि नगरपालिकाले बित्तिय टेवा प्रदान गर्न स्वीकृत गरी संझौता भएको मितिले ५ वर्षसम्मको व्याज आंशीक वा पुरै अनुदान दिन सक्नेछ । नगरपालिकाले व्याज व्यहोर्ने अधिकतम ऋण २० लाखसम्मको हुनेछ । उल्लेखित व्यवसाय संचालनको लागि कृषि विकास बैंकले लिने व्याजदर बराबर हुनेछ । सो भन्दा बढि व्याजदर भएमा उद्यमी आफैले व्यहोर्नु पर्नेछ ।

(ज) उद्यमीहरुलाई भाग ८ बमोजिमको वित्तिय टेवा प्रवाहको लागि राष्ट्र बैकबाट मान्यता प्राप्त "क" र "ख" बर्गका सबै बैकहरुलाई समान व्यवहार गरिनेछ ।

(झ) कुनै गैर सरकारी संघ/संस्थाले नगरपालिकाको साझेदारीमा महिला, अपाङ्ग, दलित, जनजाति वा विपन्न वर्गको लागि उद्यम संचालन गर्न चाहेमा ५०/५० को अवधारणामा नगरपालिकाबाट अधिकतम ५ लाख बित्तिय टेवा प्रदान गरिनेछ ।

बुढानीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय हात्तीगौडा, काठमाडौं बागमती प्रदेश, नेपाल

२८. खर्चको प्रकृया:

(क) उत्प्रेरणामूलक कार्यक्रमको हकमा त्यस्ता कार्यक्रम नगरपालिका आफैले सोझै संचालन गर्न सक्नेछ । कुनै संस्थालाई उत्प्रेरणामुलक कार्यक्रम संचालन गर्न दिंदा खरिद प्रक्रिया पुरा गरी प्रदान गरिनेछ ।

(ख) उद्यमी/व्यवसायको प्रस्ताब र कार्यतालिका बमोजिम हासिल गरेको प्रगति र औचित्यको आधारमा बढिमा ३ किस्तामा रकम भुक्तानी गरिनेछ ।

**२९. सार्वजनिक सूचना प्रकाशन गरी प्राप्त हुन आउने प्रस्तावहरुलाई निम्न आधारमा मूल्याङ्कन गरिनेछ ।**

१.(क) सामुहिक उद्यम/व्यवसायको हकमा

| क.सं. | आधार | भार |
|---|---|---|
| १ | समूहमा रहेको व्यवसाय<br>• घरेलु, कम्पनी रजिष्टार वा सरकारी निकायमा दर्ता गरेको प्रमाणपत्र भएको,<br>• गैर सरकारी संस्थाहरुले सोहि प्रकारको संस्था दर्ता प्रमाणपत्र भएको, (करछुट प्रांप्त निस्सा भएको,<br>• स्तरोन्नतीको हकमा ३ बर्ष भन्दा बढी लेखापरीक्षण भैसकेको फर्म,<br>• गत आ.ब. को कर चुक्ता प्रमाणपत्र भएको । | १० |
| २ | Matching Fund – उद्यम/व्यवसायी, समुह/सदस्यहरुबाट कम्तिमा २५% लागत सहभागिता सुनिश्चित भएको । | २० |
| ३ | "क" र "ख" वर्गको वित्तिय संस्थाहरुबाट ऋण लगानी भएका उद्यम प्रस्ताव | २० |
| ४. | • उत्पादनमूलक उद्यमको सन्दर्भमा उत्पादनलाई बजारीकरण गर्ने सहयोगी संस्थासँग सम्झौता भएको<br>• सेवामूलक उद्यमको लागि सेवा लिने पक्षसंग सहमति वा सम्झौताको पत्र । | १० |
| ५. | Challenge Fund / Start up fund प्राप्त गर्ने सम्झौता र प्रतिबद्धता भएको उद्यम | १० |
| ६. | लागत साझेदारी गर्ने गैर सरकारी संस्था भएमा | १० |
| ७. | उद्यम संचालन गर्ने स्थानको कम्तीमा ५ बर्षको संझौता भएमा | १० |
| ८. | उद्यम संचालन गर्ने चाहने व्यक्तीहरु स्थानीयबासी भएमा | १० |
| | कूल पूर्णाङ्क | १०० |

१. (ख) व्यक्तिगत उद्यम व्यवसाय

| क.सं. | आधार | भर |
|---|---|---|
| १ | • सरकारी निकायमा दर्ता गरेको प्रमाणपत्र भएको,<br>• कर कार्यालयमा दर्ता भएको, नगरमा दर्ता भएको | २० |

| | | |
|---|---|---|
| २ | Matching Fund – उद्यम, व्यवसायीको कम्तिमा २५% लागत सहभागिता सुनिश्चित भएको । | २० |
| ३ | "क" र "ख" वर्गको वित्तिय संस्थाहरुबाट ऋण लगानी भएको उद्यम | २० |
| ४ | उद्यम संचालन गर्ने स्थानको कम्तीमा ५ बर्षको संझौता भएमा | २० |
| ५ | उद्यम संचालन गर्ने चाहने व्यक्तीहरु स्थानीयबासी भएमा | २० |
| | **कूल पूर्णाङ्क** | १०० |

२. समान अङ्क प्राप्त भएका प्रस्तावहरुलाई निम्न अनुसार प्राथमिकता दिईनेछ ।

(क) अपाङ्ग/अपाङ्गहरुको समुह

(ख) दलित वा दलितको समुह

(ग) महिला वा महिलाहरुको समुह

(घ) समावेशी समुह

(ङ) अन्य

३. माथि उपदफा २ अनुसार पनि प्रस्ताव छनौट हुन नसकेमा सवै भन्दा बढी लगानी कर्ताहरुको लगानी सहभागिता भएको ( प्रतिशत) लाई छनौट गरिनेछ ।

**३०. वित्तिय संस्थाहरुको दायित्व**

(क) यस नगरपालिकाबाट प्रदान गरिने वित्तिय टेवा, व्याज, बिमा भुक्तानी वा ऋण भुक्तानी सम्बन्धी कार्यक्रमको प्रस्ताव पेश गर्दा उद्यमीलाई उक्त प्रस्तावको कार्यक्रममा सहभागी हुन बैंकको सहमती रहेको पत्र प्रदान गर्नु पर्नेछ ।

(ख) कार्यक्रम स्वीकृत भएर कार्यान्वयनमा गएपछि कार्यक्रमको अनुगमन गरी नगरपालिकामा एक प्रति प्रतिवेदन दिनु पर्नेछ ।

(ग). उद्यमको यथार्थ आर्थिक विवरण बिपरितको प्रतिवेदन नगरपालिकामा पेश गरेको पाइएमा त्यस्ता बित्तिय संस्थालाई नगरपालिकाबाट भुक्तानी हुनुपर्ने उद्यम सम्बन्धी दायित्व नगरपालिकाले भुक्तानी गर्ने छैन ।

**३१. अनुगमन तथा मूल्याङ्कन**

क. **अनुगमन तथा मूल्याङ्कन** : (१) निर्देशक समितिले यस कार्यक्रमको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने व्यबस्था मिलाउने छ ।

(२) नगर उप-प्रमुखको संयोजकत्वमा रहेको नगरस्तरीय अनुगमन समितिले आवश्यकता अनुसार उद्यम, व्यवसायको अनुगमन, सुपरीबेक्षण गर्न सक्नेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक ठानेमा उल्लेखित उद्यम, व्यवसायको अनुगमन, सुपरिवेक्षण आफै वा आफ्ना मातहतका अधिकृतस्तरका कर्मचारीहरुबाट गराउन सक्नेछ ।

(४) अनुगमन मूल्याङ्कनका लागि सूचकहरु निर्धारण गरिनेछ ।

## भाग-९

## उद्यमशील कार्यक्रम विघटन वा घाटामा गएमा

३२. उद्यमशील कार्यक्रम विघटन वा घाटामा गएमा हुने व्यवस्था: (१). व्यवसाय घाटामा परी समस्या आएमा निर्देशक समितिले छानविन गर्ने/ गराउनेछ ।

(२) उप दफा (१) को छानविंन गर्दा व्यक्ति मार्फत हिनामिना भएको भए अशुल उपर गर्न गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम समितिले घाटामा गएको कारण पत्ता लगाई पुन: संचालन गर्न उपाय र प्रयास गर्नेछ ।

(४) उपदफा (३) बमोजिम संचालन हुन नसकेमा सो को दायित्वहरु भुक्तानी गराउने छ ।

(५) उपदफा (४) बमोजिमको अवस्था पनि नरहे टाट पल्टेको घोषणा गरी नगरपालिकाले जिम्मा लिई आवश्यक व्यवस्था गर्नेछ ।

## भाग-१०

## विविध

३३. **बार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था:** (१) वस्तु स्थिति सहितको वार्षिक प्रतिवेदन : आर्थिक वर्ष समाप्त पश्चात अघिल्लो आर्थिक वर्षमा कोषबाट उद्यम संचालन, व्यवस्थापन, स्तरउन्नती लगायतको कार्यमा दिएको बित्तिय टेवा सहित त्यस्ता उद्योगहरुको वस्तुस्थिति सहितको वार्षिक प्रतिवेदन निर्देशक समितिले नगर सभामा पेश गर्नु पर्दछ ।

३४. **बार्षिक कार्यतालिका :** कोषको प्रभावकारी कार्य संचालन गर्नका लागि प्रत्येक वर्ष बार्षिक कार्यतालिका बनाई कार्यान्वयन गरिनेछ ।

३५. **सरकारी बाँकी सरह असुली :** (१) कोषले उद्यमीलाई उपलब्ध गराएको अनुदान र वीउ पूँजी बापतको रकम लिई कार्यसम्पादन नगर्ने उद्यम व्यक्ती समूह वा फर्महरुले समयमा भुक्तान नगरेमा सम्बन्धित संस्थाको प्रमुख वा समूहबाट दामासाहीका दरले सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

३६. **बाधा अडकाउ फुकाउने वा व्याख्या गर्ने अधिकार :** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा परेमा बाधा अडकाउ फुकाउने वा व्याख्या गर्ने अधिकार नगरकार्यपालिकालाई हुनेछ ।

३७. **संशोधन वा खारेजी :** यो कार्यविधि आवश्यकता अनुसार नगरकार्यपालिकाले संशोधन/खारेजी गर्न सक्नेछ ।

बुढानीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय नारायणथान, काठमाडौं बागमती प्रदेश, नेपाल

( दफा १५ संग सम्बन्धित)

## अनुसूची १

## सार्वजनिक सूचना

यस बूढानीलकण्ठ नगरपालिकाले बूढानीलकण्ठ नगरपालिकाको उद्यमशिलता विकास कार्यक्रम अन्तरगत तपसिल बमोजिमका कार्यक्रम संचालन गर्न लागेको हुँदा उक्त कार्यक्रममा सहभागि हुन इच्छुक उद्यमी व्यवसायीले तोकिएको ढाँचामा मिति .................... भित्र यस नगरपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. कार्यक्रमको विधी:

२. उद्यमको चरण:

३. नगरपालिकाको लगानीको प्रकार र मात्रा:

४. उद्यमको प्रकार:

- व्यक्तिगत/सामुहिक :
- नयाँ/पुरानो :

५. कार्यक्रमको क्षेत्र:

६. प्रस्तावहरुको मूल्याँकनका आधार: नगरपालिकाको वेवसाइट www. budhanilkanthamun.gov.np मा उपलब्ध छ ।

७. छनौट गरिने प्रस्तावको संख्या:

८. स्वघोषणा गर्नु पर्ने विषय:

(क) म/हामी बैंक वा वित्तिय संस्थाको कालो सूचीमा रहेका छैनौ ।

(ख) नेपाल सरकार/ प्रदेश सरकार/ स्थानीय सरकारलाई.....

(ग) यस परियोजना/ कार्यक्रममा नेपाल सरकार/ प्रदेश सरकार/स्थानीय सरकारबाट दोहोरो हुनेगरी सुविधा लिएका छैनौ ।

९. कार्यक्रमको विवरण :

( दफा १९ उपदफा १ (क) सँग सम्बन्धित)

## अनुसूची २ (क)

### कृषि व्यवसायका क्षेत्र

१. खाद्यन्न, नगदेबाली, तरकारी उत्पादन, प्रशोधन भण्डारण,
२. विउ विजन उत्पादन, प्रशोधन, तथा भण्डारण,
३. सामुहिक तथा व्यवसायिक खेती,
४. मौरी पालन व्यवसाय, पुष्प व्यवसाय,
५. व्यवसायिक रेशम कीरा पालन,
६. पशुपंक्षीपालन, अष्ट्रिच तथा व्यवसायिक रुपमा पालिने बट्टाइ, कालिज, बँदेल समेत ।
७. फलफूल उत्पादन,-डेरी तथा प्रशोधन तथा भण्डारण,
८. दुग्ध उत्पादन, डेरी तथा प्रशोधन र बिक्री वितरण,
९. व्यवसायिक रुपमा गरिएको मत्स्यपालन, उत्पादित माछाको भण्डारण तथा बिक्री वितरण,
१०. च्याउ उत्पादन, प्रशोधन तथा भण्डारण,
११. पशु बधशाला एवं मासु जन्य उत्पादन व्यवसाय,
१२. जडीबुटी उत्पादन, प्रशोधन र भण्डारण,
१३. उखु, कफी, चिया, अलैंची, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, कपास, सनपाट, सजिवन, स्वीटसरघम, केशर, तेलहन, मसलाबासी, दलहन, अल्लो, लोक्ता खेती आदि तथा यिनीहरुको भण्डारण, प्रशोधन र विक्री वितरण,
१४. जौ, फापर, सिलाम, अकबरे खुर्सानी, सिस्नु तथा अचारको उत्पादन, प्रशोधन र बिक्री वितरण,
१५. कपास, ऊन, रेसम खेती/उत्पादन, प्रशोधन र बिक्री वितरण,
१६. प्राङ्गारिक तथा जैविक मल,
१७. भेडा, च्याङ्ग्रा र चौरी लगायतबाट ऊनको उत्पादन, प्रशोधन र बिक्री वितरण,
१८. कृषि औजार जस्तै थ्रेसर, भिंडर, आधुनिक हलो ट्याक्टर, ट्रेलर आदि,
१९. स्थानीय स्तरमा तयार हुने गुन्द्री, नाङ्लो, डोरी, डोको, थुन्से, फुङ्लो, दाम्दो, घुम, चित्रा, भकारी, बाँस, बेदबाँस, निगालो, खुकुरी जस्ता सामानहरुको व्यवसायिक उतपादन गर्न र बिक्री वितरण,
२०. नगरपालिकाले समय-समयमा थप गरेका अन्य कृषि व्यवसायहरु ।

बुढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं
बागमती प्रदेश, नेपाल

(दफा १९ उपदफा १ (ख) सँग सम्बन्धित)

## अनुसूची २ (ख)

### उद्योग/ व्यवसायका क्षेत्र (उत्पादन मुलक)

१. ह्याण्ड लूम, पेडल लूम, सेमी-अटोमेटिक लूम, कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाई र बुनाई,
२. ऊन र रेशममा आधारित हाते बुनाईका राडी, पाखी, गलैचा, पश्मिना, पोशाक, हाते कागज र सोमा आधारित वस्तु,
३. परम्परागत पेशामा आधारित वस्तु तथा सेवा,
४. परम्परागत कलामा आधारित वस्तु,
५. तामा, पित्तल, ढलौट, कास र जर्मन सिल्भर जस्ता धातुबाट हस्त निर्मित भाँडावर्तन तथा हस्तकलाका सामान्,
६. फलामबाट बनेका हस्त निर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, कर्द, चुम्पी, स्याङ्गी, बन्चरो, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परमपरागत औजारहरु,
७. सुन चाँदीबाट हस्त निर्मित गरगरना, वस्तु, भाँगा-वर्तनहरु, बहुमूल्य, अर्ध किमति ( बहुमूल्य तथा पत्थर जडान भएका समेत),
८. नगरपालिकामा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण ट्यानिङ्ग र छालाबाट निर्मित वस्तुहरु,
९. जुट, सवाइ घाँस, पराल, छवाली, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,
१०. पत्थरकला (ढुंगा कुदी बनाइएका सामानहरु),
११. पौभा, थाङ्का चित्र र अन्य परमपरागत चित्रकला,
१२. मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना
१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,
१४. काठ, हाड, सिङ तथा माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरु सेरामिक्स तथा माटाका भाँडाकुँडा,
१५. हातले छाप्ने ईट्टा उद्योग,
१६. अपाङ्गता (फरक क्षमता) भएका व्यक्तिहरुले प्रयोग गर्ने साधन तथा उपकरण मर्मत उद्योग,
१७. धान, मकै, गहुँ, तोरी जस्ता कुटानी पिसानी गर्ने कोल, पानीघट्ट तथा मिल,
१८. आधुनीक प्रविधिबाट मेसिनको प्रयोग गरी कागजको सामाग्री (कप, ग्लास, प्लेट)
१९. स्किन प्रिन्ट, तयारी पोसाक, कपडामा आधारीत बस्तु
२०. नगरपालिकाले समय-समयमा थप गरेका अन्य उद्योग व्यवसायहरु ।

वृद्धानीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय ... काठमाण्डौ, बागमती प्रदेश, नेपाल

( दफा १९ उपदफा १ (ग) सँग सम्बन्धित)

## अनुसूची २ (ग)

### पर्यटन प्रवर्द्धनका क्षेत्र

१. पर्यटन आवास, मोटेल, होटेल, रिसोर्ट तथा रेष्टुराँ,
२. हिलिङ्ग सेन्टर, मसाज स्पा, साउना, ज्याकुली,
३. ट्राभल एण्ड टुर्स,
४. साहसिक पर्यटन, स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर र्‍याफ्टिङ्ग, हट एयर व्यालुनिङ्ग, क्यानोनिङ, प्यारा सेलिङ्ग हात्तीसवार, घोडाचढी, बन्जी जम्पिङ्ग, गल्फ कोर्स, पोलो, ट्रेकिङ्ग, पदयात्रा, जिपफ्लाएर, साइक्लिइङ्ग, अफरोड ड्राइभिङ्ग, जीप सफारी,
५. ग्रामिण पर्यटन, होमस्टे तथा पर्यावरणीय पर्यटन (पर्या पर्यटन),
६. ट्राभल तथा ट्रेकिङ्ग, पर्यटकीय गाइड,
७. डुंगा व्यवसाय, मोटरबोट, बोटिङ्ग, जल पर्यटन, क्रुज,
८. नगरपालिकाले समय-समयमा तोकेका अन्य पर्यटन उद्योगहरु ।

(दफा १९ उपदफा १ (घ) सँग सम्बन्धित)

## अनुसूची २ (घ)

### व्यापार व्यवसायका क्षेत्र

१. फोटोकपी, कम्प्युटर सञ्चालन,

२. मर्मतशाला (टेम्पो, बस, मिनीबस, माईक्रोबस, ट्रक, मिनीट्रक, डेलिभरी भ्यान, कार, जीप, रिक्सा, रेडियो, फोटोकपी, कम्प्युटर, टि.भी., टेलिफोन, मोबाईल, लुगा सिलाउने मेसिन, ईलेक्ट्रोनिक सामान, घडी आदि),

३. सिलाई, बुनाई, केश श्रृङ्गार,

४. सिकर्मी, डकर्मीको सेवा,

५. दैनिक उपभोगका सामान खरिद बिक्री,

६. पुस्तक, स्टेशनरी एवं ऋन्य शैक्षिक सामाग्रीको खरिद बिक्री,

७. चिया तथा चमेना पसल,

८. पूजा सामाग्री पसल,

९. स्वास्थ्य परीक्षण, ल्याव, फार्मेशी, हेल्थ क्लव सञ्चालन गर्न स्वीकृत इजाजत पत्र लिएको हुनु पर्ने,

१०. पशु स्वास्थ्य परीक्षण तथा पशु औषधी पसल,

११. नगरपालिकाले समय-समयमा थप गरेका अनय व्यापार व्यवसायका क्षेत्र ।

वडानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, बागमती प्रदेश, नेपाल

(दफा १९ उपदफा १ (ङ) सँग सम्बन्धित)

## अनुसूची २ (ङ)

## वन तथा वातावरण र फोहरमैला व्यवस्थापनका क्षेत्र

१. नर्सरी स्थापना र विकास,
२. वन विकासका लागि प्रयोग हुने मलखाद,
३. कृषि वन प्रणालीको विकास र विस्तार,
४. सौर्य ऊर्जा उतपादन तथा वितरण,
५. वन पैदावारमा आधारित वातावरण मैत्री झोला उत्पादन तथा वितरण,
६. नगरपालिकाले समय-समयमा थप गरेका अन्य वन तथा वातावरण क्षेत्र,
७. फोहरमैला, संकलन तथा व्यवस्थापन सेवा,
८. सरसफाई सेवा,
९. फोहरमैला पुनः प्रशोधन,
१०. कवाडी समान संकलन तथा प्रशोधन,
११. लौन्ड्री व्यवसाय,
१२. नगरपालिकाले समय-समयमा थप गरेका अन्य फोहरमैला व्यवस्थापनको क्षेत्र ।

(दफा १९ उपदफा १ (च) सँग सम्बन्धित)

## अनुसूची २(च)

## लक्षित वर्ग क्षेत्र

१. परम्परागत बजाउने बाजा निर्माण तथा खरिद गर्न,
२. सिलाई कटाई, सिलाई कटाई तालिम सञ्चालन, सिलाई मेशिन खरिद गर्न,
३. परमपरागत आय आर्जनका पेशाहरु, ब्युटीपार्लर, दुना टपरी उत्पादन बिक्रीवितरण, अचार बनाउने व्यवसाय, घरबुना सम्बन्धी व्यवसाय,
४. फलाम, कोइला आदि वस्तु खरिद बिक्री गर्न, आरन बनाउन चाहिने सामग्री खरिद तथा निर्माण गर्न, आरनको लागि यन्त्रशाला निर्माण गर्न,
५. जुत्ता बनाउनको लागि चाहिने कच्चा पदार्थ, प्रशोधित छाला, जुत्ता, चप्पल, ब्याग आदि बनाउन कच्चा पदार्थ खरिद एवं प्रशोधिन र उत्पादित वस्तुहरु बिक्री गर्न,
६. परम्परागत सुन चाँदीका गहना एवं भाँडाकुँडा बनाउने पसल तथा सोसँग सम्बन्धितम कालीगढी सेवा,
७. सरसफाइ पेशाको लागि चाहिने सामानहरु खरिद गर्न,
८. आफ्नो पुर्ख्यौली पेंशालाई निरन्तरता दिनको लागि चाहिने कच्चा पदार्थ खरिद गर्न, वस्तु तथा सेवा बिक्री गर्न व्यवसायको लागि सामूहिक यन्त्रशाला निर्माण गर्न,
९. नगरपालिकाले समय-समयमा तोकेका अन्य पेशाहरु ।
१०. अनुसूची २(क), (ख), (ग), (घ), (ङ) का सवै क्षेत्रमा लक्षितवर्ग कार्यक्रम पर्नेछ ।

(दफा २३ उपदफा १ सँग सम्बन्धित)

## अनुसूची ३

## वित्तिय टेवा मागको निवेदनको ढाँचा

(यो फारम भर्न कार्यालयका कर्मचारीले सहयोग गर्नेछन्)

श्रीमान कार्यालय प्रमुखज्यू

बूढानीलकण्ठ नगरपालिकाको कार्यालय,

महोदय,

निम्नलिखत विवरण बमोजिमको उद्योग स्थापना/ सञ्चालन/विस्तार गर्न वित्तिय टेवाको लागि यो निवेदन गरेको छु/छौ । पेश गरिएको विवरण ठिक छ । झुठा ठहरेमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउला ।

१. उद्यम/व्यवसायको नाम:

२. उद्देश्य :

३. उद्यम/व्यवसाय रहेको स्थान :

(क) प्रदेश :

(ख) जिल्ला :

(ग) नगर/गाउ :

(घ) वडा नं./कि.नं. :

४. उद्यम/व्यवसायको स्तर : (√ चिन्ह लगाउने)

(क) साना (  ) (ख) लघु (  ) (ग) घरेलु (  ) (घ) अन्य (  )

५. उद्योगको कानुनी रुप फर्म : (√ चिन्ह लगाउने)

(क) निजी (  ) (ख) साझेदारी (  ) (ग) प्रा.लि. (  ) (घ) समूह (  )

६. उद्योगको वर्ग :- (√ चिन्ह लगाउने)

(क) उत्पादकमूलक (  ) (ख) कृषि तथा वनजन्य (  ) (ग) पर्यटन (  )

(घ) सेवा (  ) (ङ) अन्य (  )

७. वित्तिय टेवा माग गर्ने निवेदकको पूरा नाम थर :- ठेगाना :- दस्तखत :-

............................................................ ......................... ...........................

८. उद्यम/व्यवसायको पूँजी :–

(क) स्थिर पूँजी

(ख) चालु पूँजी

(ग) कुल पूँजी

जमिन :.................................... ......................... ..........

भवन :.................................... ......................... ..........

मेसिन औजार :............................... .................... ........................
फर्निचर फिक्स्चर :............................ .................... ........................
अन्य :.................................... .................... ........................
जम्मा :

९. उद्यम/व्यवसाय दर्ता नं. ................................ दर्ता भएको निकाय:..................
मिति ............................

नवीकरणको अवधि .......................... नवीकरण भएको मिति :....................

१०. माग गरिएको वित्तिय टेवा रकम

....................................................

११. वित्तिय टेवाको उपयोग गरिने क्षेत्रहरु

....................................................................................................

१२. उद्योगबाट हुने उत्पादन/सेवाको विवरण

| वस्तु उत्पादन/सेवा | इकाइ | वार्षिक क्षमता | मूल्य |
|---|---|---|---|
| १)...................... | ............... | .................. | ...................... |
| २)...................... | ............... | .................. | ...................... |
| ३)...................... | ............... | .................. | ...................... |
| ४)...................... | ............... | .................. | ...................... |

१३. मेसिन उपकरण

| क्र.सं. | विवरण | संख्या | प्रति एकाइ मूल्य | जम्मा मूल्य | विद्युत शक्ति (कि.वा.) स्रोत |
|---|---|---|---|---|---|
| १. | .............. | ....... | .................. | ............... | ................................. |
| २. | .............. | ....... | .................. | ............... | ................................. |
| ३. | .............. | ....... | .................. | ............... | ................................. |
| ४. | .............. | ....... | .................. | ............... | ................................. |
| ५. | .............. | ....... | .................. | ............... | ................................. |
| जम्मा | | | | | |

१४. जनशक्ति:- प्राविधिक:- अप्राविधिक:– अन्य:– जम्मा संख्या:–

१५. सम्पर्क व्यक्तिको नाम ठेगाना र फोन नं. :–

१६. उद्यम/व्यवसाय संचालन स्थलको नक्सा :–

१७. सर्तहरु पालना बारे :–

(१) उद्योग/व्यवसाय सञ्चालन गर्दा वातावरण प्रदुषण हुन दिने छैन ।

(२) कार्यालयले माग गरेको विवरण र तथ्याङ्कहरु मागेको बखत उपलब्ध गराउने छु ।

(३) उद्योग/व्यवसाय दर्ता सञ्चालन किटान गरिएको उद्देश्य विपरीत काम गर्ने छैन ।

(४) उद्योग/व्यवसाय दर्ता सञ्चालन किटान गरिएको उद्देश्य विपरीत काम गर्ने छैन ।

(५) अन्य निकायबाट समेत अनुमति लिनुपर्ने भए अनुमति लिई कार्य सञ्चालन गर्नेछु ।

(६) उद्योग सञ्चालन गर्दा बालमजदुर प्रयोग गर्ने छैन ।

(७) घर तथा जग्गा खरिदको लागि वित्तिय टेवा प्रवाह गरिने छैन ।

(८) स्वयंको जग्गा भए जग्गाधनी प्रमाण पूर्जा वा लिजमा भए बहाल रकम र अवधि खेलेको संझौता पत्र

(९) समूह भए वहालमा लिएको भए सो को सम्झौता प्रति

(१०) समूहको माग पत्रमा समूहको औठा छाप सहित दस्तखत

(११) समूहको भए सक्कल प्रतिवद्धता पत्र

मिति :-

निवेदकको सही :–

औठा छाप :

| दा. | बा. |
|---|---|
| | |

नोट :-

१. कुनै महलमा विवरण नअटाएमा छुट्टै कागजमा लेखि संलग्न गर्नु होला ।

२. यो निवेदन साथ निम्न कागजातहरु संलग्न गर्नु पर्नेछ ।

(क) सम्बन्धित व्यक्तिको वा समुहको हकमा सबैजनाको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ख) साझेदारी फर्मको हकमा साझेदारी कबुलियतनामा

(ग) प्रा.लि. वा पब्लिक लि. को हकमा प्रबन्धपत्र, नियमावली, कम्पनी दर्ताको प्रमाणपत्र, कम्पनी दर्तापत्रको प्रमाणित प्रतिलिपि वा समूहको प्रतिवद्धता पत्र ।

(घ) उद्योग आफ्नै घर/ जग्गामा स्थापना हुने भए जग्गाधनी पूर्जा, भाडामा भए रीतपूर्वकको भाडा सम्झौतापत्र ।

(ङ) उद्योगको उद्देश्य र प्रकृति हेरी अन्य आवश्यक कुराहरु ।